# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.स ०८०।८१
च.नं. 3266

मितिः २०८१।०१।१३
ने.स. ११४४, चौलागा १ बिहिवार

बिषयः सूचना पठाईएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
रामग्राम नगरपालिका
परासी, नवलपरासी(ब.सु.प.) ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०१/१३ मा दोस्रो पटक प्रकाशित हरियो घाँस विस्तार कार्यक्रम सञ्चालन सम्बन्धी ७ दिने सूचना थान १ यसै पत्र साथ संलग्न रहेको छ । संलग्न सूचनाबाट व्यहोरा अवगत गर्नुभई हरियो घाँस खेती गरेको जग्गाको क्षेत्रफल खुलाइ वडा कार्यालयको सिफारिस सहित यस कार्यालयको पशुपन्छी विकास शाखामा माग निवेदन पेश गर्न सूचित गरिदिनुहुन अनुरोध छ ।

2081/01/13

..................
(रामनरेश राय)
नि.प्रमुख प्रशासकीय अधिकृत

परासी नेपाल, फोन नं. :........................ फ्याक्स ......................
ईमेल : municipalityramgram@gmail.com वेभसाइट : www.ramgrammun.gov.np

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल


प.स ०८०।८१
च.नं.

मितिः २०८१।०१।१३
ने.स. ११४४, चौलागा १ बिहिवार

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित)

रामग्राम नगरपालिकाको आ.ब. २०८०।८१ मा संघीय सरकारबाट शशर्त अनुदानमा प्राप्त हरियो घाँस विस्तार कार्यक्रम सञ्चालन गर्न प्रदेश र स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८० बमोजिम प्रतिफल ⁄ उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत पर्ने उल्लेखित कार्यक्रम सञ्चालन गर्नका लागि मापदण्ड पुगेका रामग्राम नगरपालिकाका इच्छुक कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायीहरुले दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७ दिन मितिः२०८१।०१।१९ गते) भित्र यस कार्यालयको पशुपन्छी विकास शाखामा तपसिलका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रीत नपुगी र म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स | कार्यक्रम विवरण | अनुदान रकम | लक्षित वर्ग | मापदण्ड |
|---|---|---|---|---|
| १ | हरियो घाँस विस्तार कार्यक्रम | प्रति कठ्ठा अधिकतम रु. १५००। (एक हजार पाँच सय) | कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी | न्युनतम ३ कठ्ठा वा सो भन्दा बढी क्षेत्रफलमा हरियो घाँसखेती गरेका, व्यवसायीक कृषकलाई प्राथमिकता दिइने । |

२०८१/०१/१३

(रामनरेश राय)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातः

१) अनुसूची २ बमोजिमको संक्षिप्त कार्ययोजना
२) अनुसूची ३ बमोजिमको निवेदन
३) निवेदकको नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी
४) दर्ता नविकरण , प्यान दर्ता र करचुक्ता प्रमाण पत्र प्रतिलिपी (समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, व्यवसायी आदिको हकमा)
५) समूह, समिति, सहकारी, संस्थाको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी
६) जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी
७) विगत २ बर्ष देखि कुनै पनि निकायबाट यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र
८) हरियो घाँस खेती गरेको जग्गाको क्षेत्रफल खुल्ने गरि वडा कार्यालयको सिफारिस


परासी नेपाल, फोन नं. :........................ प्याक्स ........................
ईमेल : municipalityramgram@gmail.com वेभसाइट : www.ramgrammun.gov.np